बैठक संख्याः ७ मितिः२०८१/०७/२५

प्रस्तावहरुः

१. Street light र High Mast light सम्बन्धी उच्च अदालत तुल्सीपुर, बुटवल इजलासको पत्र सम्बन्धमा ।
२. नदीजन्य पदार्थ चोरी निकासी नियन्त्रणको लागि खोलामा खटिएका कर्मचारी एंव सुरक्षा निकायलाई खाजा तथा खाना खर्च सम्बन्धमा ।
३. योजना सम्झौता एंव कार्यान्वयन सम्बन्धमा ।
४. सियारी च्याङ्गठा पशु हाट बजार संचालन कार्यविधी, २०७९ को परिच्छेद-२ को दफा ४ र ५ संशोधन सम्बन्धमा ।
५. वडा नं २ मा रहेको हाटबजार सम्बन्धमा ।
६. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम क्रमागत रुपमा संचालन गर्ने सम्बन्धमा ।
७. प्रदेश सरकारसँग योजना माग गर्ने सम्बन्धमा ।
८. विविध ।

निर्णयहरुः

निर्णय नं १. प्रस्ताव नं १ माथि छलफल गर्दा उच्च अदालत तुल्सीपुर, बुटवल इजलास रुपन्देहीको च.न.३४९७ मितिः२०८१/०७/०८ को प्राप्त पत्रानुसार निवेदक वर्षा कार्की विपक्षी बुटवल उ.म.न.पा. समेत भएको उत्प्रेषण परमादेश मुद्दामा माग गरिए अनुसार गत आ.व. सम्म यस गाउँपालिकामा Street light र High Mast light सम्बन्धी कोही कसैसँग सम्झौता नगरिएको र यस गाउँपालिका अन्तर्गतका सडकहरुमा Street light र High Mast light जडान नभएको, चालु आ.व.मा यस गाउँपालिकाका वडा नं १, ४, ५ र ७ का चोकमा High Mast light जडान गर्ने सम्बन्धमा IEE रिपोर्ट तयार भइ उक्त बत्ति जडानको लागि प्रकृया अगाडी बढी कार्यान्वयनको चरणमा रहेको व्यहोरा जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं २. प्रस्ताव नं २ माथि छलफल गर्दा नदीजन्य पदार्थ चोरी निकासी नियन्त्रणको लागि खोलामा खटिएका कर्मचारी एंव सुरक्षा निकायका सुरक्षाकर्मीलाई नियमानुसार सामान्य खाजा खर्च रकम सियारी गाउँपालिकाको सियारी गाउँपालिका कार्यसंचालन निर्देशिका, २०७७ (पहिलो संशोधन, २०८०) को परिच्छेद-३ दफा ५ ख(१) बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

बैठक संख्याः ७

मितिः२०८१/०७/२५

निर्णय नं ३. प्रस्ताव नं ३ माथि छलफल गर्दा संघीय र प्रदेश योजनाहरुको लागि टेण्डर प्रकृयाबाट जाने र गाउँपालिका र वडा स्तरीय योजनाहरुमा योजनाको प्रकृति अनुसार २५ लाखसम्मका सामान्य योजनामा उपभोक्ता समितिबाट निर्माण गर्दा हुने औचित्य पुष्ट्याई सहितको निर्णय वडा समितिबाट भइ आएमा उक्त योजनाहरु उपभोक्ता समितिबाट संचालन गर्ने र जटिल प्रकृति र रु.२५ लाख भन्दा माथिका योजनाहरु सबै ठेक्का प्रकृयाबाट संचालन गर्ने निर्णय गरियो । साथै रु.८ लाख सम्मका योजनामा कन्टेन्जेन्सी र मर्मत संभार कोष नकाट्ने, ८ लाखभन्दा माथिका योजनामा कन्टेन्जेन्सी मात्र काट्ने निर्णय गरियो ।

निर्णय नं ४. प्रस्ताव नं ४ माथि छलफल गर्दा सियारी च्याङ्गठा पशु हाट बजार संचालन कार्यविधी, २०७९ को परिच्छेद-२ को दफा ४ संरक्षकको व्यवस्था र ५ को पशु हाट बजार संचालक समितिको गठन प्रकृया सम्बन्धमा कार्यविधी संशोधन गरि पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ५. प्रस्ताव नं ५ माथि छलफल गर्दा वडा नं २ मा साविकमा गठन भइ संचालन गर्दै आएको साप्ताहिक पशु हाट बजार व्यवस्थापन समितिलाई विगठन गरि वडा नं २ का वडा अध्यक्ष ज्यूको संयोजकत्वमा नयाँ साप्ताहिक पशु हाट बजार व्यवस्थापन समिति गठन गरि उक्त साप्ताहिक पशु हाट बजार संचालनमा ल्याउने निर्णय गरियो ।

निर्णय नं ६. प्रस्ताव नं ६ माथि छलफल गर्दा विगत आ.व. देखि गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम क्रमागत रुपमा वडा नं १ देखि संचालन हुँदै आएकोमा यस आ.व.२०८१/०८२ मा वडा नं ६ मा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ७. प्रस्ताव नं ७ माथि छलफल गर्दा यस आ.व.२०८१/८२ मा संचालन हुने गरि निम्न योजनाहरु प्रदेश मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश आर्थिक मामिला तथा कानुन मन्त्रालय र प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयमा डि.पि.आर. सहित माग गरि सिफारिस गर्ने निर्णय गरियो ।

तपसिलः

१. बेलबास, फर्साटिकर, रेहरा, मदनगंज, बनघुसरी, छपिया हुँदै पथरहिया, पचविरवा, गुन्डी, लुम्बिनी सडक
२. बसडिलवा, मधुवन सोनारेत मनोहरापुर भैँसाखादर हर्नैया कुरमार जंगहत्था हरसिउरी चोक हुँदै छपिया सडक
३. लखन चोक, कैलाशनगर, रेहरा, अमवा हुँदै सियारी गाउँपालिका सडक
४. वडा नं ७ अमुवा घाटमा शवदाह निर्माणको लागि डि.पि.आर. निर्माण गर्ने